## सूचना ७

शिक्षा तथा संस्कृति मन्त्रालयका का. मु. सचिव श्री रमेशजंग थापा सार्क राष्ट्रहरूको पाँचौं शिखर सम्मेलन पूर्व तयारीको सन्दर्भमा माल्दिभ्स जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव डा. ईश्वरप्रसाद उपाध्यायलाई मिति २०४७।७।२५ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
मधुसूदनप्रसाद गोर्खाली
श्री ५ को सरकारको अतिरिक्त सचिव

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारको मिति २०४७।६।१९ को निर्णयानुसार श्री अर्जुनप्रसाद सिंहलाई नेपाल न्याय सेवा राजपत्राङ्कित प्रथम श्रेणी सह-सचिवस्तरको पदमा पुनःस्थापित गरी अञ्चल सरकारी वकील कार्यालय, जनकपुरको सह-न्यायाधिवक्ता पदमा पदस्थापन गरिएको छ ।

आज्ञाले,
सुरेशमान श्रेष्ठ
सह-सचिव

## सूचना २

श्री ५ को सरकारको मिति २०४७।८।४ को निर्णयानुसार नेपाल न्याय सेवा, राजपत्राङ्कित तृतीय श्रेणीका जिल्ला न्यायाधिवक्ता श्री माधवराज आचार्यको राजीनामा मिति २०४७।७।१९ देखि लागू हुने गरी स्वीकृत गरिएको छ ।

## सूचना ३

श्री ५ को सरकारको मिति २०४७।८।४ को निर्णयानुसार नेपाल न्याय सेवा, राजपत्राङ्कित तृतीय श्रेणीका तहसिलदार श्री मदनकुमार कार्कीको राजीनामा स्वीकृत गरिएको छ ।

आज्ञाले,
देवेन्द्रगोपाल श्रेष्ठ
उपसचिव

380



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएँपछि मात्र लागु हुनेछ।